# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक



घरेलु हिंशाको जघन्य प्रकार, सवै मिली गरौँ यसको प्रतिकार

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



वर्ष-४ | अंक-१ | २०७६ साउन ८ गते बुधबार | 24 July 2019 Wednesday | मूल्य रू. १०/-


## शिक्षा विकास समन्वय इकाईका कर्मचारिको मनपरि

**विश्वनाथ सिम्खाडा**

**कालिकोट** - शिक्षा विकास तथा समन्वय ईकाई कार्यालय कालिकोटका कर्मचारिहरुले मनपरि गदै आइरहेको पाइएको छ। मंगलवार विहान १० वजेर ३० मिनेटको अफिसिएल समयमा अफिसको टेवुलमा खुटा फालि युटुभमा वेस्त रहेको फोटो सार्वजनिक भएको छ। टेवुलमा खुटा राखेर मोवाईलमा युटुभ चलाइरहेको फोटो सामाजिक सञ्जालमा पोष्ट भएपछि सवत्र आलोचना भएको छ।

आफिस समयमा यस्तो किन गर्नु भयो भनि सोध्दा नेत्र भनिने कर्मचारिले ,उल्टो धम्काएका छन। उनले, के हुन्छ खुटा माथि राखे। जे गर्नु छ गर्नु होस समचार बनाउनु होस भन्न चर्चित भइन्छ। मलाइ केहि छैन। जागिर जाने पनि डर छैन। करार जागिर गएपनि केहि चिन्ता छैन। मलार्य जवरजसति राखेका हुन ईकाइमा मलाइ रहर पनि थिएन। यस विषयमा कार्यालय प्रमुख महेश देवकोटालाई जानकारि गराउदा उनले भने,, गल्ति भयो अव देखि यस्तो हुने छैन भन्दै माफि मागेका छन। कालिकोट आएको २ महिना मात्र भयो, मलाइ केहि थाहा छैन। कर्मचारिको नामा दुई जना कार्यालय सहयोगि मात्र छन्। सहयोगि लाई केहि भनौ भने उनिहरु पनि नवस्ने चिन्तामा केहि भन्न



अपिस समयमा कर्मचारिको मनपरि

सकिदैन। कर्मचारि छैनन। कार्यलय सहयोगि पनि एक कक्षा पढेका छैनन। काम गर्न निकै समस्या आएको छ। राति सम्म भएपछि काम गर्नु परेका छ। दुई जना प्रा स स्थायि कर्मचारिको माग पटक पटक गर्दा पनि कोहि नआइदिदा यो समस्या आइपरेको प्रमुख देवकोटाले बताए। **सेवाग्राहिले नै कर्मचारिको काम गर्नु पर्छ** कार्यालयमा रहेका तिन जना मध्य एक जना कार्यालय प्रमुख र दुई जना कार्यालय सहयोगि छन्। सहयोगि दुई जना पनि एक कक्षा वढेको छैनन। रसिद काट्न पनि सेवाग्राहिले कर्मचारिको काम गर्नु प्र्छ। **फोटो कपि गर्न निर्वाचन कार्यालय जानु पर्छ** - सानो आफिसको फोटो कपि


बाँकी ८ पृष्ठमा..


## कालिकोटमा ४७ करोड फ्रिज

**बिस्नुप्रसाद न्यौपाने**

**कालिकोट** - आर्थिक वर्ष ०७५र७६ मा कालिकोटमा विकास निर्माणसँग सम्बन्धित कुल बजेटको ७ दशमलव ७६ प्रतिशत बजेट फ्रिज भएको छ। कोष तथा लेखा नियन्त्रण कार्यालय कालिकोटका अनुसार पुँजीगततर्फ विनियोजित रकमको ७ दशमलव ७६ प्रतिशत बजेट खर्च नहुँदा फ्रिज भएको हो। जिल्लामा कुल पुँजीगत बजेटको ९२ दशमलव २३ प्रतिशत मात्र बजेट खर्च भएको छ। गत आर्थिक वर्षमा जिल्लामा आएको कुल तीन अर्ब ४४ करोड ३३ लाख ८० हजार बजेटमध्ये तीन अर्ब १७ करोड ६० लाख ८२ हजार रुपैयाँ मात्र खर्च भएको कोष तथा लेखा नियन्त्रक वसन्तराज श्रेष्ठले जानकारी दिए।

उनका अनुसार संघीय सरकारको चालुतर्फ कुल तीन अर्ब २६ करोड ३४ लाख ५५ हजार रकममध्ये ३ अर्ब १८ करोड ३ लाख २७ हजार रकम खर्च भएको छ। पुँजीगततर्फ संघीय सरकारबाट जिल्लामा आएको जम्मा रकम १७ करोड ९९ लाख २५ हजारमध्ये १५ करोड ७७ लाख ५५ हजार रुपैयाँ खर्च भएको छ। समयमै विकास निर्माण गर्न नसकेपछि जिल्लाबाट २६ करोड ७२ लाख ९७ हजार ८ सय ३ रुपैयाँ फ्रिज गएको हो। जिल्लामा जति बजेट आए पनि खर्च कम हुने भएकाले विकास निर्माणले गति लिन नसकेको सरोकारवालाको भनाइ छ। जिल्लामा रहेका नौ वटा स्थानीय तहले पनि विकास रकम खर्च गर्न नसक्दा ठूलो राशिको बजेट फ्रिज भएको कोष तथा लेखा नियन्त्रक श्रेष्ठले बताए। कर्णाली प्रदेश सरकारबाट जिल्लामा आएको रकममध्ये २६ दशमलव ३० प्रतिशत खर्च हुन नसकी फ्रिज गएको छ। कर्णाली प्रदेश सरकारले जिल्लाका लागि विनियोजन गरेको चालु र पुँजीगत गरी कुल ७७ करोड ५२ लाख ६८ हजार


बाँकी ८ पृष्ठमा.....


## नगरपालिकाको नमुना काम : गाउमै आयुर्वेदिक औषधि उत्पादन, अब उद्योग नै खोल्ने

**मिसन न्यूज**

**कालिकोट** - खाँडाचक्र नगरपालिकाले स्थानीय जडीबुटी संकलन गरी आयुर्वेदिक औषधि उत्पादन सुरु गरेको छ। चालु आर्थिक वर्षबाट नगरपालिकाले स्थानीय स्तरमा पाइने विभिन्न प्रकारका जडीबुटी संकलन गरी औषधि उत्पादन गर्न सुरु गरेको हो।



खाँडाचक्र नगरपालिका आयुर्वेदिक शाखा प्रमुख लक्ष्मीप्रसाद पाण्डेका अनुसार स्थानीय गुर्जोबाट गुडुची चुर्ण, काफलबाट काफल चुर्ण, बकाइनोबाट अर्शनाषक चुर्ण, जामुनबाट मधुमेहनाषक चुर्ण, असुरोबाट असुरो चुर्ण, सोमलटाबाट सोमल्टा पाउडर, असोकगन्धाबाट अशोगन्धा चुर्ण, कुरीलोबाट सतारी चुर्ण, हर्रो, बर्रो र अमलाबाट त्रिफला चुर्ण लगायत १३ प्रकारका जडीबुटीबाट १३ प्रकारका औषधि उत्पादन गर्न सुरु गरिएको छ।

जुन औषधि कमलपीत्त, ज्वरो, मधुमेह, पिनाश, स्वासप्रस्वास, पाइल्स, दम, खोकी, कब्जियत, पेट सम्बन्धी समस्या, बाथ रोग लगायत समस्यामा उपयुक्त मानिन्छन्।

**जेष्ठ नागरिकको घरमै उपचार**

नगरपालिकाद्वारा उत्पादित औषधि महिनाको एक पटक घरमै गएर जेष्ठ नागरिकलाई उपचार सेवा दिइरहेको


बाँकी ४ पृष्ठमा.....

# विश्वविद्यालयमा नयाँ नेतृत्व

डा. निरञ्जन पराजुली

देशका विभिन्न विश्वविद्यालय 'नयाँ नेतृत्व' को पर्खाइमा छन् । पुराना पदाधिकारीको चार वर्षे कार्यकाल सकिएर नियमित प्रक्रियाअनुसार नयाँ नेतृत्व छनोट हुने अवस्था सिर्जना भएको छ। विगतको राजनीतिक भागबन्डाभन्दा माथि उठेर नयाँ नेतृत्व छनोट हुन्छ कि हुँदैन भन्ने प्रश्न एकातिर छ भने अर्कोतिर नयाँ नेतृत्वले विश्वविद्यालयहरू को सुधारको रणनीतिक योजना अघि सार्न सक्छ कि सक्दैन भन्ने बहस हुन थालेको 'प्रशासन चलाउन सक्ने नयाँ नेतृत्वको आवश्यकता छ ।' र, अर्को पक्षको तर्क छ- 'विश्वविद्यालयमा अनुसन्धानलाई फास्टट्र्याकमा लैजान अनुसन्धानमा पोख्त प्राध्यापकलाई विश्वविद्यालयको नेतृत्व दिनुपर्छ ।' छलफल प्रशासन र प्राज्ञिक सुधारमा केन्द्रित भए पनि 'विश्वविद्यालयहरूको नेतृत्व चयनमा राजनीतिक छायाँ पर्ने निश्चित देखिन्छ । जबसम्म प्राध्यापकहरूमा अध्यापन र अनुसन्धानभन्दा कार्यकारी पदको मोह ज्यादा हुन्छ तबसम्म विश्वविद्यालयमा आमूल परिवर्तन हुन सक्दैन । उच्च शिक्षालाई रोजगारीमूलक र सार्थक बनाउन यसको समस्या निस्वार्थ किसिमले पहिचान हुनुपर्छ जसको चर्चा प्रस्तुत लेखमा गरिएको छ। जबसम्म प्राध्यापकहरूमा अध्यापन र अनुसन्धानभन्दा कार्यकारी पदको मोह ज्यादा हुन्छ तबसम्म विश्वविद्यालयमा आमूल परिवर्तन हुन सक्दैन। गत हप्ता बजारमा आएको हिन्दी फिल्म 'सुपर ३०' मा देखाइएको जस्तै नेपालमा पनि शिक्षामा व्यापारीकरण मौलाउँदैछ । यसमा पर्दापछाडिबाट केही प्राध्यापकहरूकै संलग्नता देखिन्छ। आर्थिकरूपमा विपन्न र उच्च बौद्धिक क्षमता भएका विद्यार्थीको पहिचानमा उच्चशिक्षा नीति प्रस्ट छैन । उच्च बौद्धिक क्षमता भएका विधार्थीको पहिचान समयमा नै नगर्ने हो भने देशमा भविष्यको मानव पुँजी कमजोर हुने निश्चित छ । भारतमा धनी, गरिब र मध्यम वर्गीय परिवारका विद्यार्थीले फरक फरक शैक्षिक शुल्क तिर्ने गर्छन् तर नेपालमा उच्चशिक्षा नीति यस विषयमा अझै मौन देखिन्छ । विश्वविद्यालयले उच्चशिक्षालाई प्रविधियुक्त र आधुनिक बनाउन नसकेका कारण दिन/प्रतिदिन रोजगारीको समस्या विकराल हुँदैछ । सन् २०१५ मा विश्व बैंकको ७ अर्ब ऋण सहयोगमा सञ्चालित उच्चशिक्षा सुधार परियोजनाको समयावधि ११ महिनामा सकिँदैछ । यस परियोजनाले ५ वर्षमा १ सय २५ वटा उच्च शैक्षिक संस्थाको गुणस्तर मापन तथा सुनिश्चितता (क्युएए) प्रमाणित गर्ने लक्ष्य लिएकामा गत डिसेम्बरसम्ममा ३० वटा शैक्षिक संस्थालाई मात्र 'क्युएए' प्रदान गरिएको छ। त्यसरी 'क्युएए' का लागि छुट्याइएको बजेट आगामी ११ महिनामा सकिने लक्षण छैन। यस शीर्षकको रकम उच्च शिक्षाको क्षमता वृद्धि गर्न वैज्ञानिक उपकरण खरिदमा प्रयोग गर्न सकिने थियो तर त्यस्तो कार्यक्रम बनेको देखिँदैन । प्राध्यापकहरूको प्रमुख काम अध्यापन र अनुसन्धान हो तर उनीहरू राजनीतिक नियुक्तिमा आकर्षित हुँदा देशको उच्च शिक्षा जोखिममा परेको छ । त्यसैले एकपटक पदाधिकारी वा सरकारी नियुक्ति प्राप्त व्यक्तिले कम्तीमा अर्को ७ वर्ष नयाँ नियुक्ति नपाउने कानुनी व्यवस्था हुनुपर्छ। हाल विश्वविद्यालयमा धेरै किसिमका प्राध्यापक छन्। जस्तै- (क) निजी कलेजमा संलग्न र असंलग्न। (ख) अनुसन्धानमा संलग्न र असंलग्न। (ग) नियमित अध्यापनमा संलग्न र असंलग्न। (घ) पद र नियुक्तिका लागि दौडिने/नदौडिने आदि। यसरी विश्वविद्यालयमा थरीथरीका प्राध्यापक हुनुमा विद्यमान शिक्षा नीतिको कमजोरी नै प्रमुख हो । आगामी दिनमा प्राध्यापकहरूलाई टिचिङ र रिसर्च फ्याकल्टीमा वर्गीकरण नगर्ने र राजनीतिक नियुक्तिमा उनीहरूलाई बन्देज नगर्ने हो भने विश्वविद्यालयहरूको स्थिति आगामी दिनमा झन् बिग्रिने निश्चित छ ।हाल काठमाडौँ विश्वविद्यालयबाहेक अन्य बहुसंख्यक उच्च शैक्षिक संस्थामा उपप्राध्यापकदेखि प्राध्यापकसम्मलाई बस्ने मेच/टेबुलको सामान्य व्यवस्था पनि हुन सकेको छैन। जबकि विदेशमा प्रत्येक फ्याकल्टीको छुट्टै अनुसन्धानशाला र अफिस व्यवस्था नगरी विज्ञापन नै गरिँदैन। नेपालमा उपरोक्त प्रयोजनका लागि आवश्यक भौतिक, प्रयोगशाला र अनुदान सुविधाको परिकल्पना कुनै सरकारी दस्तावेजले गरेको भेटिँदैन। हाल मानविकी सङ्कायमा विद्यार्थीको सङ्ख्या घट्दो छ । वार्षिक प्रणाली भएका शैक्षिक कार्यक्रममा वर्षमा ६ महिनाभन्दा बढी नपढाउने अर्थात् कक्षा कोठामा जाँदै नजाने प्राध्यापकहरू पनि भएका सुनिन्छ। र, हाल त्रिविमा करिब ८ हजार शिक्षक र त्यति नै सङ्ख्यामा कर्मचारी छन्। विद्यार्थी संख्याका आधारमा दुईभन्दा बढी क्याम्पसको कार्यक्रम समायोजन गर्ने हो भने त्रिविमा प्राध्यापक र शिक्षकको दरबन्दी निकै कटौती गर्न सकिन्छ । तर दरबन्दी कटौती र मिलान जस्तो जोखिम मोल्न कोही तयार देखिँदैनन् । र, राजनीतिक इच्छाशक्तिबिना त्यो सम्भव पनि छैन। त्यसैगरी विश्वविद्यालयको प्रशासन संयन्त्रलाई पूर्ण कम्प्युटर प्रणालीमा लैजाँदै थप आर्थिक मितव्ययिता लागु गर्न नसकिने होइन । सरकारले विश्वविद्यालयका सेवा आयोगलाई केन्द्रित गर्न खोजेको देखिन्छ तर यसलाई थप विकेन्द्रित गर्नुपर्ने आवश्यकता छ। सेवा आयोगको प्रारम्भिक छनोट प्रक्रिया पहिला सम्बन्धित विषयगत विभागले गर्ने व्यवस्था भएमा सही समस्या पहिचान हुन सक्ने थियो । विश्व प्रसिद्ध 'नेचर इन्डेक्स' का अनुसार चीनले ७ हजार ५ सय १३ र भारतले ६ सय १७ वटा रसायनशास्त्रका शोध कृति सन् २०१८-१९ मा प्रकाशन गरेका थिए । जसअनुसार दुवै छिमेकीले रसायनशास्त्रका क्षेत्रमा सर्वाधिक अनुसन्धान गरेका बुझिन्छ । तर यस अवधिमा नेपालबाट जम्मा दुईवटा मात्र शोधकृति आएका छन्। किनकि नेपालका विश्वविद्यालयमा रसायनशास्त्रको प्रयोगशालामा चाहिने अति सामान्य उपकरण पनि छैन । देशमा विषादी परीक्षणको हाल यत्रो चर्चा भइरहेको छ तर त्यही विषयमा अध्यापन र अनुसन्धान गर्ने विश्वविद्यालयका रसायनशास्त्रका प्रयोगशाला वैज्ञानिक उपकरणविहीन छ । ती प्रयोगशालामा तत्काल ३० करोडको उपकरण आवश्यक देखिन्छ तर कसैले सुन्नेवाला छैन। जसरी चीन र भारतले उच्च शिक्षालाई उद्योगसम्म पुर्‍याउन नयाँ प्रविधिगत विषय र अनुसन्धानमा शैक्षिक कार्यक्रम तय गरे त्यसरी नेपालले सोच बनाएको पाइँदैन । फलस्वरूप उच्च शिक्षा रोजगारीमूलक र परिवर्तनको संवाहक हुन सकेन। वास्तवमा विश्वविद्यालयमा किताबी सिद्धान्त होइन अनुसन्धानका नयाँ विधि र आयाम सिकाउनुपर्ने हो तर उपकरणको चरम अभावका कारण सो हुन सकेको छैन। नयाँ नेतृत्वको कार्यसूची - उच्च शिक्षालाई रोजगारीमूलक र सार्थक बनाउन खास समस्या पहिचान गर्नु ।

-निजी शैक्षिक क्षेत्र र विश्वविद्यालयबीच प्रस्ट सीमारेखा कोर्दै शिक्षालाई थप प्रतिस्पर्धी बनाउनु।- आर्थिक विपन्न र उच्च बौद्धिक क्षमता भएका विद्यार्थी पहिचान गरी तिनलाई लक्षित कार्यक्रम य गर्नु । विश्व बैंकको उच्च शिक्षा सुधार परियोजनाको समस्या र चुनौती पहिचान गर्नु । -विश्वविद्यालयलाई आर्थिकरूपले सबल बनाउँदै शिक्षक तथा कर्मचारीको सेवाको सर्त परिमार्जन गर्दै तलव/सुविधा काठमाडौँ विश्वविद्यालयको मोडेलमा लैजानु । प्रत्येक रिसर्च फ्याकल्टीका लागि छुट्टै अनुसन्धानशाला, कार्यकक्ष र अनुदान व्यवस्था गर्नु ।

- विद्यार्थी नभएका वा कम भएका शैक्षिक कार्यक्रम वा क्याम्पसमा शिक्षक र कर्मचारीको दरबन्दी कटौती गर्दै आर्थिक मितव्ययिता लागु गर्नु ।
- विज्ञान, मेडिकल र इन्जिनियरिङमा साधन सम्पन्न प्रयोगशाला निर्माण गर्दै अनुसन्धानलाई उच्च प्राथमिकता दिनु।
- उच्च शिक्षालाई रोजगारीसँग जोड्न विश्वविद्यालयमा छुट्टै प्रविधि सङ्काय विकास गर्नु ।

## साताको भाग्यफल

**मेष** : सुरुमा मनग्गे धन लाभ हुनेछ। दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर जुट्नेछ। व्यवसायमा मनग्गे लाभ हुनेछ।

**वृष** : प्रतिष्ठित काम गरेर स्थापित हुने समय छ। नोकरी र व्यवसायमा प्रगति हुनेछ। पदासीन व्यक्तिसँग निकटता बढ्नेछ। लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ।

**मिथुन** : प्रतिष्ठित काम गरेर स्थापित हुने समय छ। नोकरी र व्यवसायमा प्रगति हुनेछ। पदासीन व्यक्तिसँग निकटता बढ्नेछ।

**कर्कट** : स्वास्थ्य कमजोर रहनाले प्रारम्भ संघर्षपूर्ण रहनेछ। अरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन्। सोमबारदेखि स्थितिमा सुधार आउनेछ।

**सिंह** :प्रियभेटले साताको प्रारम्भ रमाइलो रहनेछ। विशेष उपहार आउला। बीचमा भने केही समस्यासाग जुध्नुपर्ला। काम बिग्रने डरले सताउन सक्छ।

**कन्या** : पुरुषार्थी काम बन्नाले जोश-जाँगर बढ्नेछ। प्रतिस्पर्धीहरूलाई उछिन्दै विभिन्न अवसर हात पार्न सकिनेछ।

**तुला** : प्रारम्भमा अध्ययन र स्वास्थ्यको चिन्ताले सताउन सक्छ। प्रतिस्पर्धीहरूले विभिन्न अवरोध सिर्जना गर्नेछन्।

**वृश्चिक**: प्रिारम्भमा घरेलु समस्या देखापर्न सक्छन्। काम रोकिनुका साथै पारिवारिक समस्याले सताउन सक्छ। साइनो गाँस्नेहरूबाट पनि सजग रहनुहोला।।

**धनु** : प्रिारम्भ उत्साहवर्द्धक देखिए पनि यो सातामा केही उतारचढाव समेत आउनेछन्। पारिवारिक असमझदारीले केही समस्या निम्त्याउन सक्छ।

**मकर** : धेरै बोल्ने बानीले वादविवाद निम्त्याउला। गोपनीयता बाहिरिनाले समस्या पर्न सक्छ।

**कुम्भ** : प्रारम्भमा इच्छाशक्ति बढ्नाले महत्त्वाकांक्षी काम सुरु हुनेछ। तर भेटघाटमा अलमलिनाले लक्ष्यमा पुग्न बाधा पर्नेछ।

**मीन** : प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। टाढाको यात्रा गर्ने अवसर प्राप्त हुनेछ।

# जथाभावी सडकले पहिरो

## कालीकोटका ३ नगर र ६ गाउपालिकामा यस वर्ष खनिएका ४३ मध्ये १७ सडकले पहिरोको जोखिम बढाए

तुलाराम पाण्डे

**कालीकोट–** स्थानीय सरकारले जथाभावी निर्माण गरेका अधिकांश सडकका कारण पहिरो खस्ने समस्या बढ्दै गएको छ। स्थानीय तहमा टोल(टोलमा सडक पुर्‍याउन डोजरमार्फत खनिएका अधिकांश सडकले पहिरो निम्त्याएको होरु।'पहिरो त पहिले पनि जान्थ्यो,' सान्नीत्रिवेणी १, का नमराज सुवेदीले भने, 'यस वर्ष डोजरले खनेका सडकको बेहाल छ, जताततै पहिरो गएर पैदल हिँड्न पनि कठिनाइ भयो ।'

उनका अनुसार सान्नीत्रिवेणी गाउँपालिकाले रकु, मेहेलमुडी र मुम्रालाई कर्णाली करिडोरसँग जोड्न रेगिंल(लुसा, रेगिंल(रकु र सान्नीगाड(मेहेलमुडी शाखा सडक खनेको छ। आसपासका क्षेत्रमा पहिरो खस्ने क्रम बढेको उनी बताउँछन् । गाउँपालिका अध्यक्ष डिबी शाहीले यस वर्ष मात्र सडक निर्माणमा ५ करोड रुपैयाँ खर्च भएको जानकारी दिएरु। जिल्लाका ३ नगर र ६ गाउँपालिकामा यस वर्ष खनिएका ४३ सडकमध्ये १७ सडकले पहिरोको जोखिम बढाएका छन् । वर्षाले माटो गलाएकाले पहिरो गएको शुभकालिका गाउँपालिका उपाध्यक्ष पम्फाकुमारी शाहीले



बताइन् । उनका अनुसार सेरिघाटदेखि भर्ता जोड्न बनाइएको सडक भत्किएको छ भने सडक भत्किएपछि डोजर भीरमा अडकएको छ । वातावरणीय स्वमूल्यांकनबिना डोजरबाट खनिएका सडकबाट बगाएको ढुंगामाटोले कर्णाली राजमार्ग सुर्खेत(जुम्ला सडक र कर्णाली करिडोर खुलालु(लैफु हुम्ला सडक बिगारेरको छ। रारा कर्णाली यातायात समिति अध्यक्ष हस्त बमले शाखा सडकबाट बगेको ढुंगा, माटो र पहिरोले कर्णाली राजमार्ग हिलाम्मे हुने गरेको बताए । स्थानीय सरकारले खनेका सडकले ठाउँ-ठाउँमा पिच सडक बिगारेको चालकको गुनासो छ । 'स्थानीय सरकारले सडक बिगारे,' बस चालक निर्मल सुनारले गुनासो पोखे, 'सडकमा पहिरो खस्दा २/३ दिन बाटो अवरुद्ध हुने गरेको छ।' जताततै डोजर लगाएर सडक खन्दा गाडी चल्नेभन्दा पैसा सक्ने काम बढी भएको उनको आरोप छ। स्थानीय तहले खनेका सडकले कर्णाली राजमार्गमा पर्ने दैलेखका मैनीखोला, सियाला, पाली, सांगेताडा, राकमलगायत ठाउँमा सडक विग्रिएको छ । कालीकोटको खाडाचक्र नगरपालिकाले खनेका मेग्र, ताडी, राताडाब, पिली, तिलागुफा नगरपालिकाको बाली, भैसे गौडा, राचुलीलगायत खण्डमा माथिबाट आएको ढुंगा, माटोले सडक बिग्रिएको छ। कतिपय ठाउँका फलामे सेफ्टी बार पनि भाँचिएका छन् । जुबिथा हरिचौर हुँदै छाप्रे पुग्ने सडकमा पानी परेलगतै

बाँकी ८पृष्ठमा....

सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियानलाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट

मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुआौं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र भिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

भटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कालिकोट

स्वस्थ जीवनशैली अपनाउने प्रतिबद्धता गरौं, निरोगी बनौं

मेरो बर्ष अभियान २०७५

मेरा ८ प्रतिबद्धता, स्वस्थ जीवनको आवश्यकता

१.म तनावरहित जीवनशैलीलाई आत्मसात् गर्छु ।
२.म रक्सी,चुरोट र सूर्तीजन्य पदार्थबाट टाढै रहन्छु ।
३.म नियमित व्याम गर्छु ।
४.म स्वस्थ र पोषिलो खाना खान्छु ।
५.म नियमित स्वास्थ्य परिक्षण गराउँछु ।
६.म प्रदुषण नियन्त्रणमा सजग रहदैं आफ्नो घर र समुदाय सफा राख्छु ।
७.म ट्राफिक नियमको पालना गर्छु ।
८.म मेरो परिवार र समुदायको स्वास्थ्यप्रति सजग रहन्छु ।

missionenews.com

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य कार्यालय, कालिकोट
आ.ब.२०७५/०७६

सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## नगरपालिकाको नमुना काम...............................

छ। नगरपालिकाका-१ देखि ११ सम्मका वडाहरुका ६० वर्ष भन्दा माथिका वृद्धवृद्धालाई घरमै पुगेर चेक जाँचका साथै स्थानीय जडीबुटीबाट उत्पादित औषधि वितरण गरिएको छ। जिल्लामै उत्पादित औषधि प्रत्येक महिनाको एक पटक गाउँमै गएर जेष्ठ नागरिकहरुको उपचार गर्दैआएको नगरपालिका आयुर्वेद शाखा प्रमुख लक्ष्मीप्रसाद पाण्डेले बताए।

पाण्डेका अनुसार नगरपालिकाले स्थानीय स्तरमा पाइने जडीबुटी संकलन गरी गाउँमै उपचार गराउने तरिका निकालेको हो। यस्तो कार्यक्रमलाई नगरपालिकाले प्रभावकारी भएपछि आफ्नो नीति तथा कार्यक्रममा नै राखेका छ। नगरपालिकाले अर्को वर्ष भने गाउँमै आयुर्वेदिक औषधालय स्थापना गर्ने नीति लिएको छ।

**स्टिम बाथ सेवा पनि**

खाँडाचक्र नगरपालिकाले जिल्लाका ९ वटै स्थानीय तहलाई समेटेर मान्ममा बाथरोगीका लागि स्टिम बाथ सेवा सञ्चालन गरेको छ। बाथ रोगीहरुको लागि हप्ताको तीन दिन आइतवार, मंगलवार र बिहीवार सेवा दिँदैआएको छ। दिनमा १० देखि १५ बाथका रोगीले दैनिक सेवा लिने गरेको बताइन्छ।


## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**

**कालिकोट**

### क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु। २. साँझ पख सधैं ज्वरो आउनु। ३. खाना खान मन नलाग्नु। ४. तौल( वजन) घट्नु। ५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

**पलाँता गाउँपालिका कार्यालय**

**कालिकोट**

## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**महावै गाउँपालिका कार्यालय**

**कालिकोट**

व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।

**रास्कोट नगरपालिकाको कार्यालय**

**कालिकोट**


# स्वास्थ्य

## कुपोषण हटाउने उपाय



विश्व स्वास्थ्य संगठनका अनुसार विश्वभर १५ करोडभन्दा बढी बालबालिका कुपोषणले प्रभावित भएका छन्। तर हालै अमेरिकी वाशिंटन विश्वविद्यालयका वैज्ञानिकको एक अनुसन्धानका अनुसार यी तीनवटा चिज चना, बदाम र केराले कुपोषण हटाउने बताइएको छ। यी तीन चिजबाट बनेको आहारले शरीरभित्रका कीटाणुका लागि फाइदा मिल्छ। जसले बच्चाको तीव्र विकास हुने ती वैज्ञानिकले जनाएका छन्। बंगलादेशमा धेरै कुपोषित बच्चामा गरिएको अनुसन्धानको परिणाममा यी फाइदाजनक कीटाणुको संख्या बढे बच्चाको हड्डी, मस्तिष्क तथा पूरै शरीरको विकासमा सहयोग मिल्छ। विश्व स्वास्थ्य संगठनका अनुसार बच्चाको कुपोषणको समस्या विश्वभर को चिन्ताको विषय हो। पाँच वर्षमुनिका बालबालिकाको मृत्युको ५० प्रतिशत कारण कुपोषण रहेको छ। कुपोषित बच्चाहरू सामान्य बच्चाको तुलनामा कमजोर र होचा हुन्छन्। साथै यस्ता बच्चाको पेटमा लाभदायक कीटाणु अत्यधिक कम हुन्छन् या कत्ति पनि हुँदैनन्। **रामा कीटाणु बढ्न आवश्यक छ**सो अनुसन्धानका प्रमुख अनुसन्धानकर्ता जेफरी गार्डनका अनुसार कुपोषित बच्चाको ढिलो विकास हुनुको कारण उसको पाचननलीमा राम्रो (लाभदायक) कीटाणुको कमी हुनसक्छ। यो समस्याको कसरी हटाउने त ? यो कुनै खानाले सुधार हुँदैन। वैज्ञानिकहरूले बंगलादेशका स्वस्थ बच्चाहरूको पेटमा रहेका कीटाणुको प्रजाति पत्ता लगाए। फेरि उनीहरूको दिसाको परीक्षण गरी कुन खाना खाँदा यस्ता लाभदायक कीटाणु बढ्छन् भन्ने कुरा पत्ता लगाएका थिए। यसका साथै उनीहरूले १२, १८ र ६८ महिनाका बच्चालाई फरकफरक खाना दिएका थिए। जुन बच्चाको शरीरमा सुधार भयो, उसमा पाइयो कि उसका लागि काम गरिरहेको थियो। ती खाना थिए, पिसेको बदाम, चनाको पीठो र केरा। उनीहरूमा यो पाइयो कि खानाबाट भित्र हुने ती सूक्ष्म कीटाणुको संख्या बढी थियो। जसले हड्डी, मस्तिष्क तथा अन्य रोग प्रतिरोधात्मक क्षमता बढाउनमा मुख्य मानिन्छ। यी खाद्य सामग्रीबाट बन्ने चिज सस्तो मूल्यमा पाइन्छ। बंगलादेशमा बच्चाहरूले यिनै खानेकुरा खाइरहेका हुन्छन्। यो शोध 'साइन्स' जर्नलमा प्रकाशित भएको थियो।


## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरु:-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरु:-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method)
अपनाएर जस्तै: आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तै: दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर।

**डिभिजन वन कार्यालय**

**कालिकोट**

# बिपन्न परिवारलाई लक्षित गरि कार्यक्रम ल्याएका छौ - अध्यक्ष सेजुवाल

**मिसन न्यूज**

**कालिकोट -** जिल्लाको पचाल झरना गाँउपालिकाको समग्र बिकासलाई मध्यनजर गर्दै समृद्ध पचाल झरना – हाम्रो चाहाना भन्ने मुल नाराका साथ बिपन्न परिवारहरुलाई लक्षित गरि कार्यक्रम ल्याएका छौं । सो नारालाई साकार पार्न पालिकाका सम्पुर्ण नागरिकहरुको आय स्तर उकास्न यस्ता कार्यक्रमको आवस्यक्ता पर्ने भएको हुँदा यि कार्यक्रम हरु सुरुवात गरेका हौं ।

यो जिल्ला बिकाशको दृष्टिकोणले सबै भन्दा पछि परेको र यहाँका नागरिकहरु गरिविले पिल्सिनु पर्ने बाध्यतालाई मध्यनजर गरि गाँउपालिकाले र हामि जनप्रतिनिधिहरुले आफ्नो कार्यकाल सम्म यहाँका नागरिकहरुका समस्या समाधान गर्नु हाम्रो जिम्यवारि हो भन्ने हेतुले सम्पुर्ण जनप्रतिनिधिहरु बिभिन्न योजना बनाई अघि बढ्न कोसिस गरिरहेका छौं । यो नेपाल देशमा आमुल परिवर्तन ल्याउनुको मुख्य कारण दश बर्षिय जनयुद्ध हो भन्ने कुरा सायद हामि सबै नेपालिलाई जानकारि नै छ । तशर्थ तेहि दश बर्षे जनयुद्धमा यो नेपाल देशको मुहार फेर्ने हेतुका साथ आफ्नो ज्यानको बाजि राखि लड्ने ति वहादुर नायकहरुले सबै भन्दा पहिला यो संगियताको फल चाख्न पाउन भन्ने उद्देश्यले गाँउपालिकाले दश बर्षे जनयुद्धका सहिदपरिवार , घाइते परिवार र अपाङ्गपरिवार हरुलाई बिषेश कार्यक्रम ल्याउने योजना बनाएको छ । उनिहरुको पारिवारिक स्थिति लाई मध्य नजर गरि यि परिवारहरुलाई पालिकामा लागु भएका कार्यक्रममा उपस्थित गराई अगाडि बढ्ने गाँउपालिकाको लक्ष रहेको छ । जस्तै गाउँपालिकाले जनयुद्धका घाइतेहरुलाई औसधी उपचारका निम्ती राहत उपलब्ध गराउदै आएको छ । साठी वर्ष पुगेका वृद्ध वद्धालाई हरेक महिनाको दश गते घरमै स्वास्थ्य कर्मी द्वारा स्वास्थ्य चेकजाच गरीने, ९० वर्ष माथीका वृद्धवृद्धा लाई सम्मान कार्यक्रम गरीने, अपाङ्ग , अनाथ बालवालीका , शहिद परिवार एकल महिलाका निम्ती विषेश कार्यक्रममा ल्याउने भएको छ । यहाँको भौगोलिक अबस्थालाई मध्यनजर गरि प्रत्येक वडामा स्वास्थ्य ईकाइ स्थापना गरि सामाजिक सुरक्षा भत्ता वितरण गर्दा स्वास्थ्य कर्मिको साथमा स्वास्थ्य चेकजाच सहित सरसफाई भए नभएको हेरविचार गरी वितरण गरीनेछ समेत कार्यक्रम ल्याइएको छ । विध्यार्थी नियमित गराउन हाजिरि हेरि सामाजिक सुरक्षा भत्ता बितरण गर्ने समेत कार्य



गरेको छ । बिपन्न परिवारहरुलाई शिप मुलक लघुउद्यम जस्ता कार्यक्रलाई अगाडी वढाउदै व्यवसायिक रुपले पकेट क्षेत्र कै रुपमा विकास गरी फलफुल तथा तरकारी खेती ,पशुपालन,आधुनिक रुपले गर्न जरुरी देखिएको हूँदा यो कार्यमा गाँउपालिकाले अघि बढ्ने उदेश्य लिएको छ । जनयुद्ध जनआन्दोलनका महान शहिदहरुको सम्झनामा शहिद गेटहरु निर्माण गर्नुका साथै शहिद पार्क जस्ता सहिको सम्झनामा बिभिन्न कार्यहरु पाँउपालिकाले अगाडि वढाइने भएकोछ । गाउँपालिका आर्थिक रुपले आत्मनिर्भर नभै सुन्दर समृद्ध गाउँपलिका हुन सक्दैन भन्ने उद्देश्यका साथ आर्थिक विकासको बृद्धि नै यहाँको समृद्धीहो र त्यसको लागी यहाँका श्रोत साधनहरुको खोजी गरी परिचालन गरीनु पनि यो पालिकाको कार्य रहेको छ ।संघ संस्थाका माध्यमवाट कृषि वनवातावरण तथा लघुउद्यमका कार्यक्रम पालिकाको निगरानी सम्वन्य र सहकार्य व्यापक गर्न जरुरी छ । पहिलो प्राथामिकता पचालझरना र पर्यटनको विकासले नै मूख्य आय श्रोत वनाउन अझै पनिव्यापक प्रचार प्रसारका साथै व्यवस्थीत पुर्वाधार सहितको विकास गर्न जरुरी छ । पचालझरना छुटै गुरुयोजनावनाई व्यवस्थीत रुपले विकास गरिने छ । कृषिमा आधुनिकीकरण र व्यवसायीकरण कृषिकलाई आत्मानिर्भर मात्र होइन श्रमप्रति सम्मान गर्ने कार्यक्रको विकास गरिने छ । कृषि वन वातावरण लघु उधोमका कार्यलाई व्यावस्थीत गर्न संघ संस्थाका माध्याम वाट समाज रुपान्तर र आय आर्जन वृद्धीको कार्यक्रमा ल्याइनेछ । जग्गा जमिन जथा भावी हडपी राख्ने र वनफडानी गरी अतिक्रम गर्ने सिस्टमलाई कानुनी प्रकृयामा लिई निरुत्साहित वनाइने छ । प्रदेश सरकार द्वारा लागु गरिएको पशुपालन लाई व्यवस्थीत गरी मासुमा आत्मनिर्भर पालिका निमार्ण गर्न लगीने छ ।


**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुआौं ।
– पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**नरहरिनाथ गाउँपालिका**
कालिकोट

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय**
कालिकोट

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं ।**

**कृषि ज्ञान केन्द्रको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
कालिकोट

# अन्तराष्ट्रिय न्युज

## आप्रवासी हटाउन नया कानुन ल्याउदै अमेरिका

**अमेरिका** – आफ्नो मुलुकबाट आप्रवासी हटाउनका लागि अमेरिकाले फास्ट ट्रायाकबाट नयाँ कानुन ल्याउने भएको छ । नयाँ कानुन लागू भएपछि त्यसले आप्रवासी अदालतको भूमिकालाई पनि प्रभावित बनाउने बताइएको छ । नयाँ कानुनमा दुई वर्षदेखि अमेरिकामा बस्दै आएको प्रमाणित गर्न नसके आप्रवासीहरुलाई तत्कालै देश निकाला गर्न सकिने व्यवस्था गरेको छ ।

अहिलेको कानुनी व्यवस्था अनुसार भने नियन्त्रण गृहमा दुई हप्ताभन्दा कम समय रहेका आप्रवासीहरुलाई देश निकाला गर्न सकिने प्रवाधान छ। नयाँ कानुनले हजारौ मानिस प्रभावित हुने अधिकारवादीहरुले बताएका छन् । अमेरिकन सिभिल लाइबर्टीस युनियनले नयाँ कानुनले अदालतको नियमलाई समेत चुनौती दिने बताएको छ। मेक्सिको सिमानामा रहेको नियन्त्रण गृहको अवस्थाका कारण अमरेकिकाले आफ्नो अप्रावासी निति परिवर्तन गरेको बताइएको छ । विश्लेषकहरुले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०२०को चुनावमा पुनः आप्रवासी नियन्त्रणको विषयलाई आफ्नो मुख्य मुद्दाको रुपमा उठाउन सक्ने बताएका छन्। पुरानो कानुनमा अमेरिकी भूमिमा दुईहप्ताभन्दा कम बसिरहेकाहरुलाई तत्कालै देशबाट निकाला गरिन्थ्यो। दुई हप्ताभन्दा बढी बस्नेहरुको हकमा भने अदालतले फैसला गयो ।

नयाँ कानुनले आप्रवासीहरुलाई कुनै कानुनी झन्झट बिनाजुनसुकै बेला देश निकाला गर्न सकिने व्यवस्था गरेको छ । अमेरिकाको डिपार्टमेन्ट अफ होमलेन्ड सेक्युरिटीले नयाँ नियमले अवैधानिक रुपमा भित्रिएका आप्रवासीहरुलाई हटाउन थप सहज हुने बताएको छ । पिउ रिसर्ज सेन्टरका अनुसार अमेरिकामा करिब १ करोड ५ लाख आप्रवासीहरु कुनै डकुमेन्ट बिना नै बसोबास गरिरेहका छन्।


## सन्देश मुलक सुचना

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।**

जलस्रोत तथा सिंचाई विकास सव-डिभिजन कार्यालय

कर्णाली प्रदेश, कालिकोट


# ज्ञानमाला

१.सगरमाथाको चुचुरोमा पुग्ने प्रथम व्यक्ति को हुन् ?
-तेन्जिंग नोर्के र एडमण्ड हिलारी

२.सगरमाथालाई पन्ध्रौ चुली नामाकरण गर्ने व्यक्ति को थिए ?
-राधानाथ सिकन्दर

३.नेपालमा सर्वप्रथम पर्वतारोहण सुरु भएको हिमाल कुन हो ?
-अन्नपुर्ण

४.आप्पा शेर्पाद्वारा ग्रेट हिमालयन को पदयात्रा कति दिनमा पुरा गरे ?
-९९ दिन

५.२०६५ जेष्ठ १२ मा विश्वको अग्लो सगरमाथा सिखर पुग्ने नेपाली सवाधिक बृद्धको नाम के हो ?
-मिन बहादुर शेरचन

६.हिउँको बाघ भेनर तेन्जिंग नोर्के शेर्पालाई चिनिन्छ भने हिउँचितवा भनेर कसलाई चिनिन्छ ?
-आंगरिता शेर्पा

७.फुटबल विश्वकपको शुरुवात कहिले भएको हो ?
-सन् १९३०

८.नेपालको कतिवटा प्रधानमन्त्रीको पदमा रहदैं हत्या भएको थियो ?
-३ जना

९.एसियाली राजमार्ग कहाँ बाट सुरु हुन्छ ?
-इरान

१०.धरान - खाँदबारी सडकको नाम के हो ?
- कोशीलोक मार्ग

११.भारत बाहेक तेश्रो मुलुकमा उडान गर्ने नेपालको पहिलो निजि बिमान कुन हो ?
- कस्मिक एयर

१२.नेपालको दोश्रो अन्तराष्ट्रिय विमानस्थल कहाँ निर्माण हुने भएको छ ?
- बारा

१३.काठमान्डौ तराई जोड्ने फास्ट ट्र्याक कति लम्बाई छ ?
-७६ किलोमिटर

१४विश्वका ८००० मिटर भन्दा अग्ला १४ वटै हिमालको आरोहन गर्ने प्रथम महिला को हुन् ?
-ओ युन सुन

१५.नेपालको सबैभन्दा पुरानो राजमार्ग त्रिभुबन राजमार्गको लम्बाई कति रहेको छ ?
-१९० किलोमिटर


**एक घर एक करेसावारीको स्थापना गरौं ।**
**स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥**

कृषि ज्ञान केन्द्र, कालिकोट

कर्णाली प्रदेश, नेपाल



## सम्पुर्णमा हाम्रो अनुरोध

**गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

पलाँता गाउँपालिकाको कार्यालय

कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

**मिसन न्यूज राष्ट्रिय साप्ताहिक**

# लोकप्रियताका लागि प्रतिस्पर्धा:स्थानीय तहका नीति-कार्यक्रम

मिसन न्यूज

**कालीकोट** – स्थानीय तहका जनप्रतिनिधिले जनअपेक्षाअनुसार काम गर्न नसकेको गुनासो चुलिँदै जाँदा लोकप्रिय नीति र कार्यक्रम घोषणा गर्न गाउँ तथा नगरसभामा प्रतिस्पर्धा छ । विगतमा गरेका घोषणा कार्यान्वयन नहुँदै नयाँ घोषणाले स्थानीय तहबीच लोकप्रिय हुने योजना घोषणाको प्रतिस्पर्धा भएको हो । सस्तो लोकप्रियताका लागि महत्त्वाकांक्षी कार्यक्रमले उपलब्धिभन्दा बजेटमा व्ययभार मात्र थप्ने स्थानीयको प्रतिक्रिया छ । स्थानीय सरकारले अहिलेसम्म डोजरमार्फत सडक निर्माण गरेर पहिरो निम्त्याउने कामबाहेकका देखिने काम केही गर्न नसकेको नागरिक अगुवा दमनराज बमले बताए । 'नीति र कार्यक्रम लोकप्रिय छन्,' उनले भने, 'जनप्रतिनिधिका आफन्त पोस्नेबाहेक कार्यक्रम कार्यान्वयन हुँदैनन् ।' उनले काम नगर्ने घोषणा जति राम्रो भए पनि अर्थ नहुने सुनाए । ३ नगर र ६ गाउँपालिका रहेको कालीकोटमा स्थानीय तहका जनप्रतिनिधिले बजेटअनुसारको देखिने र जनताले महसुस हुने गरी काम गर्न नसकेको गुनासो आइरहेको बेला सामाजिक सुरक्षाका कार्यक्रममा बढी जोड दिँदै वितरणमुखी कार्यक्रम सार्वजनिक गरेका छन् । असार १० मा सबै स्थानीय तहले नीति, कार्यक्रम तथा बजेट ल्याउनुपर्ने संवैधानिक व्यवस्था भए पनि ६ स्थानीय तहले समयभन्दा पछि मात्रै बजेट सार्वजनिक गरे । पचालझरना गाउँपालिका र तिलागुफा नगरपालिकाले पनि त्यसै दिन बजेट



ल्याएका थिए ।

**छोरीमै चित्त बुझाउनेलाई १ लाख**

खाडाचक्र नगरपालिकाले छोराछोरी बीचको लैंगिक विभेद कम गर्न र एक वा दुई छोरी मात्र जन्माउने दम्पतीलाई १ लाख नगर पुरस्कार दिने घोषणा गरेको छ । मंगलबार सम्पन्न नगरसभामा बजेट प्रस्तुत गर्दै उपप्रमुख विजया विष्टले दुईसम्म छोरी मात्रै जन्माएर परिवार नियोजन गर्ने दम्पतीलाई पुरस्कार दिने घोषणा गरेकी हुन् । 'यसले छोराछोरीको विभेद कम गर्नेछ,' उपप्रमुख विष्टले भनिन्, 'भ्रूण हत्या गर्ने प्रवृत्तिमा पनि सुधार आउनेछ ।' नगरले कृषि, नगदे बाली र फलफूलको उत्पादन र पर्यटकीय क्षेत्रको विकासमा जोड दिएको नगर प्रमुख जसीप्रसाद पाण्डेले बताए।

**२१ वर्षपछि विवाह गरे ५ हजार**

शुभकालिका गाउँपालिकाले आगामी वर्षको नीति तथा कार्यक्रममा बालविवाह न्यूनीकरणका लागि २१ वर्षपछि विवाह गर्ने युवतीलाई ५ हजार पुरस्कार गर्ने भनेको छ। उपाध्यक्ष पम्फाकुमारी शाहीले हिंसा घटाउन 'मन दुखेपछि उपाध्यक्षसँग किशोरी','जनतासँग अध्यक्ष' कार्यक्रम मार्फत बेरोजगार युवालाई रोजगारी, युवा कृषि उद्यमीलाई मासिक २ हजार भत्ता दिने कार्यक्रम सार्वजनिक गरिन्। गाउँपालिकाले ३० भेडा, ५० बाखा र २ भैंसी पाल्ने युवा उद्यमीलाई मासिक १ हजार र ४० भेडा, ६० भन्दा बढी बाखा र ३ भन्दा बढी भैंसी पाल्ने युवा कृषकलाई २ हजारका दरले प्रोत्साहन रकम दिइने जनाएको छ ।

**खर फालेर जस्तापाता**

पचालझरना गाउँपालिकालाई एक वर्षभित्र खरका छानामुक्त बनाइने नीतिसहित कृषिमैत्री नीति सार्वजनिक गरिएको छ । गाउँपालिकाका अधिकांश घरमा छानो खरका छन्। बदालकोटका ४ सय ५०, राम्नाकोटका ३ सय ३९ र नानीकोटका ४ सय घर खरले छाएका छन् । गाउँपालिकाले प्रदेश सरकार, संघसंस्था र स्थानीय घर परिवारसँग लागत साझेदारी गरेर टिनका छाना भएका घर बनाउने अध्यक्ष खडराज सेजुवालले बताए । 'खरका छानामुक्त पालिका बनाउने कामलाई अभियानका रूपमा सञ्चालन गर्दैछौं,' उनले भने, 'हावाहुरी चल्ने र आगलागीको खतरा बढी भएकाले खरको छाना फेर्न लागेका हौं ।' २ हजार ३ सय ९६ घरधुरी भएको पचालझरनामा अन्य घर पत्थर, टिन र माटोले छापेका छन् । गाउँपालिकाले भेडाबाखा गोठालालाई दिइने मासिक भत्ता व्यवस्थित गर्ने, ६० वर्ष माथिका ज्येष्ठ नागरिकलाई प्रत्येक महिनाको १० गते स्वास्थ्यकर्मी घरमै गएर स्वास्थ्य परीक्षण गर्ने, बेरोजगारलाई सीप विकास तालिम दिनेलगायत कार्यक्रम अघि सारेको छ ।

**एकल पुरुषलाई पनि भत्ता**

सान्नीत्रिवेणी र महाबै गाउँपालिकाले ५० वर्ष नाघेका एकल पुरुषलाई पनि भत्ता दिने नीति ल्याएका छन् । सान्नीत्रिवेणी एकल पुरुषलाई भत्ता दिने नीति सार्वजनिक गरेलगतै महाबैले पनि ६० वर्ष नपुगेसम्म मासिक १ हजारका दरले भत्ता लिने घोषणा गरेको हो। सान्नीत्रिवेणीले गत वर्ष विद्यालयमा शिक्षकको नियमितताका लागि बायोमेट्रिक हाजिरी सुरु गरेको थियो । यस वर्षदेखि जनप्रतिनिधि, पालिका कर्मचारी, सरकारी र गैह्रसरकारी निकायमा काम गर्ने सबै नागरिकले छोराछोरी सामुदायिक विद्यालयमै पढाउनुपर्ने बाध्यकारी नीति पनि सार्वजनिक गरेको छ ।

**कोटवाडा-मान्म केबुलकार**

नरहरिनाथ गाउँपालिकाले कोटवाडा विमानस्थलको नियमित सञ्चालनको लागि पहल गर्दै कोटवाडा विमानस्थल देखि सदरमुकाम मान्म जोड्ने केबुलकारको निर्माणको लागि नीति तथा कार्यक्रम घोषणा गरेको छ । लालीघाटदेखि विमानस्थल हुँदै रुप्सा जोड्ने सडक, गाउँपालिकाको भवन

बाँकी ८ पृष्ठमा..


## सान्नी त्रिवेणीको अनुरोध

मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन र ाख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ । खेती योग्य बाझोँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौँ, गराऔँ ।

**नेपाल खाद्य संघ**
**कालिकोट**

## शिक्षा विकास समन्वय इकाईका .............

गर्न पनि जिल्ला निर्वाचन कार्यालयमा जानु पर्ने बाध्यता रहेको छ । फोटो कपि मेशिन खराब भएको महिनौ दिन वितिसक्दा मेशिन मर्मत गर्न पनि नसक्दा अर्कै कार्यालयका गएर काम गर्नु परेको छ ।

## लोकप्रियताका लागि ............................

निर्माण, बालमैत्री विद्यालय, सबै जनतालाई स्वास्थ्य सेवा उपलब्ध गराउनेजस्ता कार्यक्रम सार्वजनिक गरेको छ । **गरिब र दलित बालबालिका लाई पोसाक**

तिलागुफा नगरपालिकाले ११ वटै वडाका अति विपन्न र दलित समुदायका सबै बालबालिकालाई विद्यालय पोसाक वितरण गर्ने घोषणा गरेको छ । नगर उपप्रमुख दन्ता नेपालीले ५७ करोड ७३ लाख रुपैयाँको बजेट सार्वजनिक गर्दै सबै घर काठ र खरका छानामुक्त बनाइने, एक गाउँ, एक नर्सरी, एक घर १० बिरुवा अभियान सञ्चालन गर्ने कार्यक्रम सार्वजनिक गरेकी हुन् । तिलागुफा कर्णालीकै मीठो र धेरै स्याउ फल्ने स्थानीय तह हो । यस वर्ष कृषकलाई अनुदानका कार्यक्रम पनि राखिएको नगरप्रमुख रतनबहादुर शाहीले बताए ।

**खानेपानीमै १४ करोड**

पलाता गाउँपालिकाले यस वर्षको बजेट खानेपानी तथा सरसफाइमा केन्द्रित गरेको छ । एक घर एक धारा अभियानलाई पूरा गर्न खानेपानी क्षेत्रमा मात्र १४ करोड बजेट विनियोजन गरिएको गाउँपालिका अध्यक्ष लक्ष्मणबहादुर बमले बताए। ६२ करोड ४२ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको पालातामा खानेपानीको संकट चर्को छ । पलाता ९ थिर्पुका २ सय बढी घरधुरीमा एक घर एक धारा जडान भइसकेका छन् भने अन्य वडामा पनि घरघरमा खानेपानी धारा पुर्‍याउन बजेट केन्द्रित गरिएको गाउँपालिकाले जनाएको छ । पलाताले मावि तहसम्मको शिक्षा निःशुल्क बनाएको छ। विद्यार्थीबाट कुनै शुल्क नलिने नीति बनाइएको शिक्षा संयोजक रणप्रसाद भट्टले बताए ।

**रास्कोटमा श्रम बैंक**

रास्कोट नगरपालिकाले श्रम बैंकको अवधारणालाई थप प्रभावकारी बनाइने जनाएको छ। बेरोजगार युवायुवतीलाई संगठित गरी श्रममा लगाएर रोजगारी दिन श्रम बैंकको अवधारणा ल्याइएको नगरप्रमुख काशीचन्द्र बरालले बताए। उनले नगरका सबै वडामा सडक पुगिसकेकाले सडकको स्तरोन्नति गर्ने, शिक्षालाई उत्पादनमुखी र व्यावसायिक बनाउने गरिखाने जनशक्ति उत्पादन गर्ने, जीवन प्रवर्द्धन कार्यक्रममार्फत प्रत्येक घरको एकीकृत योजना बनाएर कार्यान्वयन गर्न सहजीकरण गर्नेलगायत का काम गरिने सुनाए। कान्तिपुरबाट

'भ्रष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

**कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको ब्यक्तिले भ्रष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भ्रष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्याउन हुन अनुरोध छ ।**

सर्म्पक ठेगाना

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

## कालिकोटमा ४७ करोड..............................

रकममध्ये ५७ करोड १३ लाख ७३ हजार रकम मात्र खर्च भएको छ भने २० करोड ३८ लाख ९४ हजार फ्रिज भएको छ। कोष तथा लेखा नियन्त्रण कार्यालय कालिकोटका प्रमुख श्रेष्ठका अनुसार प्रदेश सरकारले समयमै रकम निकासा नगरेकाले ठूलो परिणाममा रकम फ्रिज गएको हो । प्रदेश सरकारका कार्यक्रम समयमै नआएको, जनशक्ति पनि समायोजनपछि ढिलो आएकाले छोटो समयमा कार्यविधि पुर्याउन ढिला भएकाले रकम फ्रिज गएको हो ।

उनले कुन स्थानीय तहबाट कति रकम फ्रिज गयो भन्ने तथ्यांक कोष तथा लेखा नियन्त्रक कार्यालयमा नआइपुगेकाले जिल्लाका स्थानीय तहबाट फ्रिज भएको रकमको विवरण आउन बाँकी रहेको बताए ।

## जथाभावी सडकले ............................

खसेको ढुंगा माटो बगेर कर्णाली राजमार्गको जुबिथा गाल्जेदेखि भैंसेगोडासम्मको सडक २ दिन अवरुद्ध भयो । सडक अवरुद्ध हुँदा रारा जान हिँडेका सय बढी पर्यटक अलपत्र परेका थिए। डोजरमार्फत खनिएको लालीघाट( कोटवाडा, रकु-लुसा, आमतडा-रकु, मार्ने-लुयाटा, स्युना-फुकोट, भुराबगर( कोटिलालगायत शाखा सडकले कर्णाली करिडोरमा असर परेको छ । कर्णाली करिडोर निर्माणधीन भएकाले पक्की संरचना नभए पनि कर्णाली राजमार्ग सुर्खेत-जुम्ला ओटासिल कालोपत्रे सडक स्थानीय शाखा सडकले पुरै बिगारेको छ। स्थानीय तहलाई सडक नबिगारेर वातावरणीय पक्ष ध्यान राखी खन्न अनुरोध गर्दा उल्टै धम्की दिने गरेको सडक डिभिजन कार्यालय जुम्लाका एक इन्जिनियर बताउँछन्। कर्णाली राजमार्ग बिगारेको ठाउँमा बनाइदिन स्थानीय तहका सरकारलाई पत्राचार गरिएको जिल्ला प्रशासनले जनाएको छ। जिल्लाका स्थानीय तहले गत वर्ष मात्र सडक निर्माणमा ५० करोड रुपैयाँभन्दा बढी खर्च गरेको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ । यस वर्ष पनि त्यही हाराहारीको रकम विनियोजन भएको छ ।

**बेस्ट कर्णाली मिडियाको नौलो धमका**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा कर्णाली प्रदेशबाट सूचिकरण भएको **www. missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक (ख) बर्गमा वर्गिकृत पत्रिका प्रकाशन भईरहेको छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं

**हाम्रा विशेषताहरु**

– सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन् ।
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डुकुमेन्ट्रीउत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
मिसन न्यूज
Mission News National Weekly राष्ट्रिय साप्ताहिक
www.missionenews.com

सम्पादक : पवित्र शाही, प्रबन्ध सम्पादक : निर्मला शाही, समाचारदाता : लिलाराज संज्याल, समाचारदाता :दिलिप कुमार शाही, कार्यालय : खाँडाचक्र न.पा.-१ कालिकोट , फोन नं. - ०८७-४४०२४२,९८४८०४९४५५,९८६८३१५३५३ ,इमेल : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com ,मुद्रण: ईश्वर अफसेट प्रेस खाँडाचक्र-१, कालिकोट